ढकारी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ३ संख्याः १४ मितिः २०८०/११/०३

**भाग-२**

**ढकारी गाउँपालिका**

**ढकारी गाउँपालिका युवा तथा खेलकुद विकास कार्यविधि२०८०**

आज्ञाले,

नामः लक्ष्मण साह

नि.प्रमुख प्रशासकीय अधिकृत

**प्रस्तावना :**

ढकारी गाउँपालिका क्षेत्र भित्र रहेका यूवाहरुको खेल क्षेत्रका विभिन्न विधामा क्षमता विकास गरी यूवाहरुलाई खेलकुदको माध्यमबाट उद्यमी, स्वरोजगारी बनाई खेलकुद विकास विस्तारमा सहभागी गराउन तथा अनुशासन, विकास र गतिशिलताको पर्यायको रुपमा रहेको खेलकुद क्षेत्रलाई स्वस्थ्य, मर्यादित र प्रतिस्पर्धात्मक तवरबाट सञ्चालन गरी हार जीतलाई सहज रुपमा लिने परीपाटीको विकास गरी, आपसी विश्वास, सहकार्य, समन्वय र एकताको माध्यमबाट सामाजिक सद्भाव कायम गर्दै राष्ट्रिय अन्तराष्ट्रिय रुपमा देशको पहिचान गराउन गर्न वाञ्छनीय भएकोले ढकारी गाउँ कार्यपालिकाले नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १५ को दफा १०२ को उपदफा (१) को अधिनमा रही यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम विस्तार प्रारम्भ :** यस कार्यविधिको नाम **"ढकारी गाउँपालिका युवा तथा खेलकुद विकास कार्यविधि २०८०"** रहनेछ ।

२. यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

३. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

   क. **"खेलकुद"** भन्नाले ढकारी गाउँपालिका भित्र शारिरिक, मानसिक तथा सामाजिक तवरले स्वस्थ बनाउनको लागि आयोजना वा स्वीकृति वा सहमति लिई खेलाइने खेलकुद समेतलाई सम्झनु पर्दछ ।

   ख. **"खेलाडी"** भन्नाले विभिन्न विधाका राष्ट्रिय अन्तर्राष्ट्रिय खेलाडीलाई सम्झनु पर्नेछ ।

   ग. **"खेलकुद समिति"** भन्नाले यो कार्यविधि बमोजिम गठित ढकारी खेलकुद विकास समितिलाई सम्झनु पर्दछ ।

   घ. **"प्रोत्साहन"** भन्नाले खेलाडीलाई दिईने नगद, जिन्सी तथा अन्य उपहार, सम्मान, पुरस्कारलाई सम्झनु पर्दछ ।

   ङ. **"यूवा"** भन्नाले १८ वर्ष देखि ४० वर्ष उमेर समुहका युवालाई सम्झनु पर्दछ ।

   च. **"गाउँपालिका"** भन्नाले ढकारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई बुझ्नु पर्नेछ ।

## परिच्छेद - २

## ढकारी खेलकुद विकास समितिको गठन तथा काम कर्तव्य र अधिकार

४. **ढकारी खेलकुद विकास समितिको गठनः**

   (१) देहाय बमोजिम ढकारी गाउँ खेलकुद विकास समितिको गठन ११ सदस्य हुनेछ ।

      क. उल्लिखित सदस्य मध्ये गाउँपालिका अध्यक्षले मनोनित गरेका १ जना (अध्यक्ष)

      ख. खेलकुद क्षेत्रको विज्ञहरु मध्येबाट अध्यक्षले तोकेको व्यक्ति १ जना (उपाध्यक्ष)

ग. ईलाका प्रहरी कार्यालयका प्रतिनिधि १ जना (सदस्य)

घ. खेलकुदका विभिन्न विधाबाट प्रतिनिधि ३ जना (सदस्य)

ङ. सामुदायिक विद्यालयहरु मध्येबाट प्रतिनिधि ४ जना (सदस्य)

च. सदस्य सचिव - गाउँ कार्यपालिकाको सम्बन्धित शाखा हेर्ने तोकिएको कर्मचारी १ जना

(२) खेलकुदका विधाहरुबाट चयन हुने समितिका सदस्यहरु सम्बन्धित निकाय, क्लब वा संस्थाबाट सिफारिस गरिएको हुनुपर्दछ ।

(३) समितिको बैठकमा आवश्यकता अनुसार अन्य विज्ञ तथा व्यक्तिहरुलाई आमन्त्रित गर्न सकिनेछ।

५. खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकारः

(१) खेलकुद समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

क. गाउँपालिकाले तोकेको बजेटको सीमा भित्र रही खेलकुद सञ्चालन गर्ने,

ख. बिभिन्न विधाका प्रतिस्पर्धात्मक खेल आयोजना गर्ने,

ग. अन्य गाउँपालिका वा नगरपालिकाले आयोजना गरेका खेलकुद कार्यक्रममा आमन्त्रण गरिएमा ढकारी गाउँपालिकाक्षेत्र भित्रका खेलाडी टीम वा क्लबलाई आवश्यकता र औचित्यका आधारमा सहभागी गराउने,

घ. निजी क्षेत्रलाई समेत खेलकुदमा सहभागी र साझेदार बनाउने,

ङ. ढकारी गाउँपालिकाको संयोजनमा विभिन्न विधाका खेलाडीहरुको पहिचान र प्रोत्साहन सम्बन्धी योजना बनाई लागू गर्ने,

च. खेलकुदको विकासका लागि संघीय सरकार, प्रदेश सरकार र अन्तर स्थानीय सरकारसँग सम्पर्क, समन्वय र सहकार्य गर्ने,

छ. गाउँपालिकाको परामर्शमा वार्षिक योजना बनाई पेश गर्ने,

ज. ढकारी गाउँपालिकालाई खेलकुदको माध्यमबाट उत्कृष्टताको परिचय दिने,

झ. खेलकुद विकासका लागि योजना बनाई गाउँपालिकाको स्वीकृतिमा खेलकुद कार्यक्रम सञ्चालन गर्ने,

ञ. गाउँपालिकाले तोकेको अन्य कार्य गर्ने,

ट. ७ देखी ९ जना सदस्य रहने गरी वडा स्तरीय खेलकुद समिति गठन गर्न सक्ने,

ठ. खेलकुदका कार्यक्रमहरुमा दोहोरोपना आउन नदिनको लागि कार्य गर्ने,

ड. गाउँपालिका क्षेत्र भित्रको राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडीहरुलाई प्रोत्साहन गर्ने,

ढ. खेलमैदान तथा खेलक्षेत्र संरक्षण तथा निर्माण सम्बन्धी कार्ययोजना बनाई पेश गर्ने,

ण. बाल विकास समूह, जेष्ठ नागरिकहरुलाई समेत खेलको माध्यमबाट स्वस्थ तथा तन्दुरुस्त गराउने कार्यहरु गर्ने,

त. खेलकुद व्यवस्थापन सम्बन्धी कार्यहरु गर्ने ।

(२) खेलकुद समितिले आफ्नै छुट्टै कोषको व्यवस्था गरी संचालन गर्न पाउने छ । सो समितिको अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट सञ्चालन हुने गरी बैंक खाता सञ्चालन गर्न सक्नेछ ।

(३) कोषबाट खर्च गर्दा समितिको बैठकले पारित गरी गाउँपालिकाको सिफारिसमा मात्र खर्च गर्न सक्नेछ ।

६. खेलकुद विकास समितिका सदस्यहरुलाई हटाउन सकिनेः खेलकुद समितिका कुनै सदस्यको काम चित्त बुझ्दो नभएमा यस समितिको सिफारिसमा गाउँ कार्यपालिका बोर्डले त्यस्तो सदस्यलाई कुनैपनि बेला हटाउन सक्नेछ । हटाउनु अघि त्यस्तो सदस्यलाई सफाइको मौका दिइनेछ ।

७. खेलकुद विकास समितिको कार्यकालः खेलकुद समितिको कार्यकाल २ वर्षको हुनेछ । गाउँ कार्यपालिका बोर्डले उचित ठानेमा अर्को एक कार्यकाल थप गर्न सक्नेछ । तर दफा ४ (१) बमोजिमको समितिमा रहने जनप्रतिनिधिहरुको पदावधि समाप्त भएमा समितिमा पनि स्वतः पदावधि समाप्त हुनेछ ।

८. प्रतिवेदन पेश गर्ने :

क. सम्पन्न भई सकेका खेलकुद, हुन बाँकी खेलकुद तथा खेलकुद सम्बन्धी योजनाहरुको प्रतिवेदन गाउँपालिकामा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

ख. प्रतिवेदनमा आएका विषयहरुलाई गाउँपालिकाले आफ्नो वेव साइटमा सार्वजानिक गर्नेछ ।

९. खेलकुदको संरक्षण, सम्बर्धन र प्रवर्द्धनः

क. समग्र विधाको खेलकुदको संरक्षण, सम्बर्धन, प्रवर्द्धन र विकास गर्ने दायित्व गाउँपालिकाको हुनेछ ।

ख. खेलकुद सम्बन्धी सम्पूर्ण काम र गतिबिधि गरिने कार्य यसै कार्यविधि बमोजिम गठित समितिले गर्नेछ । सो कार्यका लागि गाउँपालिकाले आवश्यक बजेट व्यवस्थापन गर्नेछ ।

१०. खेलकुद विकास संरक्षण समितिः

क. खेलकुदको संरक्षण, सम्बर्धन र प्रवर्द्धन गर्ने मुख्य जिम्मेवारी निम्न पदाधिकारीको हुनेछ ।

- संरक्षक — गाउँपालिका अध्यक्ष १ जना
- सदस्य — गाउँपालिका उपाध्यक्ष १ जना
- सदस्य - विषयगत समितिको संयोजक १ जना
- सदस्य - गाउँसभा सदस्यहरु मध्येबाट २ जना मध्ये १ जना महिला
- सदस्य - ईलाका प्रहरी कार्यालय प्रमुख १ जना
- सदस्य - गाउँ कार्यपालिकाले तोकेको प्रतिष्ठित खेलकुद क्षेत्रबाट २ जना

ख. खेलकुद विकास संरक्षण समितिले खेलकुद विकास समितिलाई निर्देशन दिन सक्नेछ । उक्त निर्देशनलाई पालना गर्नु खेलकुद विकास समितिको कर्तव्य हुनेछ ।

## परिच्छेद - ३

## आचारसंहिता

११. आचारसंहिताः खेल सम्बन्धी विषयका खेलाडी, समिति अध्यक्ष तथा सदस्य, कर्मचारी, गाउँ कार्यपालिका र गाउँसभा सदस्यले देहाय बमोजिमको आचारसंहिता पालना गर्नु पर्नेछः-

क. खेलका निर्णायक, खेलाडी, दर्शक, आयोजक कसैले पनि खेल सञ्चालनको समयमा कुनै पनि प्रतिवन्धित लागुऔषध र मादक पदार्थ सेवन गर्न पाईने छैन ।

ख. खेलाडी टिमले विदेशी नागरिक समावेश गरेर स्वदेशको खेलाडी टिम बनाउन पाइनेछैन । तर, विदेशी खेलाडी समेतलाई आमन्त्रण गरिदा गैर नेपाली टिमलाई मान्यता दिइनेछ ।

ग. प्रतिस्पर्धात्मक खेल सञ्चालन गर्दा दर्तावाला टिमलाई मात्र मान्यता दिइनेछ । तर, कोचिङ्ग कक्षा संचालन गर्न दर्ता नभएको टिमलाई पनि सामेल गराउन सकिनेछ ।

घ. नैतिक पतन हुने फौजदारी अपराधमा दोषी ठहरिएको खेलाडीलाई खेलको टिमबाट हटाइनेछ । साथै खेलमा सहभागिता समेत गराइने छैन ।

ङ. खेलको विजय पश्चात पाउने शिल्ड, ट्रफी कहिँ कतैबेच्न, धरौटी राख वा उपहार दिन पाइने छैन । तर, कुनै दर्तावाला क्लव विघटन हुन गई उक्त क्लवले प्राप्त गरेका शिल्ड, ट्रफी गाउँपालिकाको स्वीकृतिमा अर्को दर्तावाल क्लवलाई उपहार दिन भनेवाधा पर्ने छैन ।

च. कुनै खेलमा व्यक्तिलाई दिएको उपहार बाहेक टिमले पाएको उपहार व्यक्तिको अधिनमा राख्न पाइने छैन । तर, संरक्षण गर्न बाधा पर्ने छैन ।

छ. खेलको निर्णायक राख्दा तालिम प्राप्त आधिकारिक व्यक्ति बाहेक अरुलाई राख्न पाइने छैन ।

ज. खेलाडीहरुले आपसमा प्रतिस्पर्धा गर्दा आफ्नो टीमको पक्ष लिई क्ल्यापिङ्ग हुटिङ्ग, अनुहार मेकअप र चित्र प्रदर्शन गर्न पाउनेछन् तर विपक्षी टिमका व्यक्तिहरु वा टिमलाई इंगित गरी काटुन, चित्रकारिता, हुटिङ्ग व्यक्तिगत वा संस्थागत नामबाट अश्लिल शव्द वा अभद्र व्यवहार गर्न पाइने छैन ।

झ. खेलको प्रतिस्पर्धा निम्ति गाउँपालिकाको स्वीकृति र इजाजत विना आफ्नो टिमको नाममा जवर्जस्ती चन्दा उठाउन पाइने छैन ।

ञ. गाउँपालिकाको स्वीकृति वा इजाजत लिई उठाइएको चन्दा संस्थाको आम्दानी खातामा आय जनाई सम्बन्धित क्लवबाट पारित गराएर मात्र खर्च गर्न पाइनेछ ।

ट. यस अघिनै अन्यत्र दर्ता भएका वा गाउँपालिकामा सुचिकृत भएका संस्थाहरुले गाउँपालिकामा लिखित जानकारी दिएर मात्र स्वतन्त्र ढंगले खेल सञ्चालन गर्न पाउनेछन् ।

१२. सौजन्यताः

दर्तावाला संस्थाहरुले कसैको सौजन्यमा कुनै खेल सञ्चालन गर्न गाउँपालिकाको पूर्व स्वीकृति लिनुपर्नेछ । तर गाउँपालिकाले स्वीकृति नदिएको खण्डमा भने व्यक्ति वा संस्थाको सौजन्यतावाट प्राप्त नगदी, जिन्सी वा अन्य सहयोगलाई सार्वजनिक गरी खेल संचालन गर्न बाधा पर्ने छैन ।

## परिच्छेद - ४

## दर्ता, नवीकरण र विघटन

१३. दर्ता र स्वीकृती :

क. गाउँपालिका भित्र गठित कुनै पनि संघ संस्था वा क्लव वा खेलकुदसँग सम्बन्धित संस्था गाउँपालिकामा दर्ता गर्नु पर्नेछ । खेलकुदसँग सम्बन्धी दर्ता नभएका संस्था वा क्लवलाई खेल संचालन गर्न गाउँपालिकाले स्वीकृति दिने छैन ।

ख. संस्था दर्ता र विधान स्वीकृतीको लागि अनुसूचि - १ को ढाँचामा निवेदन दिईनु पर्नेछ ।

ग. संस्था दर्ता र विधान स्वीकृतिको लागि निबेदन पर्न आएमा गाउँपालिकाले विधान स्वीकृत गरी संस्था दर्ता गरी अनुसूचि २ को ढाँचामा प्रमाण पत्र दिनु पर्नेछ । सोहि प्रमाण पत्रमा हरेक वर्ष नवीकरण भएको विवरण उल्लेख गरी सम्बन्धित कर्मचारीले सही गरी नवीकरण गर्नुपर्नेछ ।

घ. पहिले नै दर्ता भइसकेको संस्था भए गाउँपालिकामा सुचिकृतको लागि अनुसूची - ३ को ढाँचामा लिखित निवेदनदिनु पर्नेछ ।

ङ. सुचिकृत भएका संस्थाहरुलाई अनुसुची - ४ बमोजिम प्रमाणपत्र दिईनेछ । सोही प्रमाणपत्रमा हरेक वर्ष नवीकरण भएको विवरण उल्लेख गरी सम्बन्धित कर्मचारीले सही गरी नवीकरण गनुपर्नेछ ।

च. दर्ता वा सुचिकृत भएका संस्थाको नविकरण गर्न दिईने निवेदन अनुसुचि - ५ बमोजिमको ढाँचामा हुनुपर्ने ।

छ. गाउँपालिकामा दर्ता वा सुचिकृत गर्दा आवेदन फारम शूल्क स्वीकृत आर्थिक ऐन बमोजिम हुनेछ ।

ज. प्रत्येक वर्षको असार मसान्त भित्र सबै दर्तावाल वा सूचिकृत संस्थाहरुले गाउँपालिकामा अनिवार्य नवीकरण गराउनु पर्नेछ ।

१४. जरिवानाः दर्ता भएका खेलकुद सम्बन्धी संस्थाहरुले नवीकरण नगराएमा गाउँपालिकाको स्वीकृत आर्थिक ऐन बमोजिम जरिवाना गरिनेछ ।

१५. पाँच वर्ष भन्दा बढी समयसम्म पनि नविकरण नगर्ने संस्थालाई दर्ताको सूचीबाट हटाइनेछ । यसरी समयमै नवीकरण नगरी दर्ताको सूचीबाट हटिसकेको संस्थामा संलग्न कार्यकारी समितिका व्यक्तिको अर्को संस्था दर्ता गरिनेछैन ।

१६. समयमै नवीकरण नगर्ने संस्थाले आफ्नो कोषबाट जरिवाना बुझाउनु पर्नेछ ।

१७. संस्थाको विघटनः दर्ता भएको खेलकुदका संस्थाहरु देहायको अवस्थामा विघटन हुन सक्नेछन्ः-

क. संस्थाका दुई तिहाई बहुमतले संस्था विघटन गर्ने भनी निर्णय गरेमा,

ख. लगातार ५ वर्ष सम्म संस्था नवीकरण नगरेमा,

ग. संस्थाका पदाधिकारी निष्कृय भएमा वा वेपत्ता भएमा,

घ. प्राकृतिक विपत्तिको कारणबाट संस्था क्षत विक्षत भएमा ।

१८. विघठित संस्थाको सम्पत्तिः विघटित भएको संस्थाको सम्पत्ति गाउँपालिका मातहतमा रहनेछ ।

१९. खारेजी र बचाऊः यस अघि प्रचलित खेलकुद सम्बन्धी निर्णय र नीति नियमहरु खारेज हुनेछ । यस अघि खेलकुदका गतिविधीहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

(दफा १३ को उपदफा (ख) सँग सम्बन्धित)

## अनुसूची - १

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
ढकारी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
ढकारी, अछाम ।

विषयः संस्था दर्ता सम्बन्धमा ।

म/हामीले तपसीलमा उल्लेखित विवरण अनुसारको खेलकुद सम्बन्धी संस्था दर्ता गर्ने मनसायले इच्छुक व्यक्तिहरुको भेलाबाट गठित तदर्थ समितिले संस्थाको विधान समेत तयार गरी सकेकोले एक प्रति विधान यसै निवेदन साथ संलग्न राखी विधान स्वीकृति र संस्था दर्ताका लागि आवेदन गरेको छु/छौं ।
नियमानुसार संस्था दर्ता गरिदिनु हुन अनुरोध छ ।

संस्थाको नामः ...................................................
संस्थाको कार्यालय रहने स्थानः ढकारी गाउँपालिका वार्ड न........
टोलको नामः.........................................................

| सचिव | अध्यक्ष |
|---|---|
| नामः | नामः |
| मितिः | मितिः |
| हस्ताक्षरः | हस्ताक्षरः |

<u>निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु:</u>

क. संस्थाको विधानको मस्यौदा,

ख. आवेदक र समितिका पदाधिकारीहरुको नेपाली नागरिकताको प्रतिलिपि,

ग. संस्थाको छापको नमूना ।

**(दफा १३ को उपदफा ग सँग सम्बन्धित )**

**अनुसूची - २**

**ढकारी गाउँपालिकाको कार्यालय**

**गाउँ कार्यपालिकाको कार्यालय ढकारी, अछाम**

**<u>संस्था दर्ता प्रमाणपत्र</u>**

संस्थाको नाम :

ठेगाना :

दर्ता हुदाँको समयमा रहनु भएका समितिको पदाधिकारी र सदस्य संख्या :

दर्ता हुदाँको समयमा रहनु भएको अध्यक्षको नाम :

माथि उल्लेखित विवरण भएको संस्थाको विधान स्वीकृत गरी संस्था दर्ताको प्रमाणपत्र प्रदान गरिएको छ । ढकारी गाउँपालिका युवा तथा खेलकुद विकास कार्यविधि र संस्थाको विधानको अधिनमा रही खेलकुद सम्बन्धी गतिविधीहरु संचालन गर्न अनुमति दिइएको छ ।

..................................

प्रमुख प्रशासकीय अधिकृत

**(दफा १३ को उपदफा (घ) सँग सम्बन्धित )**

**अनुसूची - ३**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

ढकारी गाउँपालिका कार्यालय,

ढकारी, अछाम ।

विषयः संस्था सुचिकृत गरिदिनु हुन ।

हामीले तपसिलको विवरण अनुसारको संस्था गठन गरी सञ्चालन गर्दै आएका छौं । गाउँपालिकाको नियमानुसार संस्था सुचिकृत गर्नु पर्ने भएकोले नियम अनुसार गरिदिन अनुरोध गर्दछौं ।

**संलग्न कागजातहरुः**

क. दर्ता प्रमाणपत्र,

ख. संस्थाको विधान,

ग. गत आ.ब.को लेखा परीक्षण प्रतिवेदन,

घ. कर चुक्ता प्रमाणपत्र,

ङ. समितिको निर्णय ।

सचिव

नामः

मितिः

हस्ताक्षरः

अध्यक्ष

नामः

मितिः

हस्ताक्षरः

**(दफा १३ को उपदफा (ङ) संग सम्बन्धित)**

**अनुसूची - ४**

श्री ढकारी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय,

ढकारी, अछाम ।

## संस्था सुचिकृत प्रमाणपत्र

संस्थाको नाम

ठेगाना :

दर्ता हुँदाको समयमा रहनु भएका समितिको पदाधिकारी र सदस्य संख्या

दर्ता हुँदाको समयमा रहनु भएको अध्यक्षको नाम :

माथि उल्ललेखित विवरण भएको संस्था सुचिकृत गरी प्रमाण पत्र प्रदान गरिएकोछ । ढकारी गाउँपालिका खेलकुद विकास कार्यविधि र विधानको अधिनमा रही खेलकुद सम्बन्धी गतिविधीहरु संचालन गर्न अनुमति दिइएको छ ।

................................

प्रमुख प्रशासकीय अधिकृत

संस्था नवीकरणको विवरण

| क्र.सं. | संस्थाको नाम | नवीकरण भएको मिति | नवीकरण दस्तुर | नवीकरण गर्ने कर्मचारीको सही | गाउँपालिकाको छाप |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**(दफा १३ को उपदफा (च) संग सम्बन्धित )**

**अनुसूची- ५**

मितिः

'श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

ढकारी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय,

ढकारी, अछाम ।

**विषयः संस्था नवीकरण गरी पाउँ ।**

................................................................... नामक संस्था यस गाउँपालिकामा दर्ता/सुचिकृत भई खेलकुद सम्बन्धी गतिविधीहरु संचालन गरी रहेको हुँदा तपशिल बमोजिमका कागज पत्र संलग्न राखी नवीकरण गरी पाउँ भनी निवेदन गर्न आएको छु / छौ ।

अतः आर्थिक बर्ष ................................ को संस्था नवीकरण भएको प्रमाणका साथ आवेदन गरेको छु ।

**निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु**

क. आर्थिक वर्ष ................. को लेखापरीक्षण प्रतिवेदन,

ख. संस्थाको वार्षिक गतिविधि, भावी योजना र बजेट ।

..............................

निवेदक